# नेपाल धितोपत्र बोर्ड
(नेपाल सरकारद्वारा धितोपत्र सम्बन्धी ऐन अन्तर्गत स्थापित)

# Securities Board of Nepal
(Established by the Government of Nepal under Securities Act)


## प्रेश विज्ञप्ती

### धितोपत्रको हकप्रद निष्काशन आवेदनमा आस्वा प्रणाली तथा लिलाम प्रक्रियामा उपत्यका वाहिरवाट आवेदन दिन सक्ने सम्वन्धमा

धितोपत्र बोर्डले धितोपत्रको सार्वजनिक निष्काशनमा आस्वा प्रणाली लागू गरी धितोपत्रको सार्वजनिक निष्काशन तथा बाँडफाड प्रक्रियामा थप सहजीकरण भएको सन्र्दभमा लगानीकर्ता, मर्चेण्ट बैंकर, वित्तीय संस्थाहरु सहित सरोकारवाला पक्षहरुबाट धितोपत्रको हकप्रद निष्काशनमा समेत आस्वा प्रणाली लागू गर्न अनुरोध गरिरहेको पृष्ठभूमिमा बोर्डले धितोपत्रको हकप्रद निष्काशन प्रक्रियालाई थप सहज, समावेशी तथा लगानीमैत्री वनाउन साथै विक्री नभएको हकप्रद सेयरको लिलाम प्रक्रियामा उपत्यका वाहिरका इच्छुक लगानीकर्ताहरुले आवेदन दिनबाट वञ्चित भएकोले सो प्रक्रियामा सवै लगानीकर्ताहरुले समेत समान अवसर प्राप्त गर्न माग भई आएको कारण विक्री नभएको हकप्रद सेयरको लिलाम प्रक्रियामा उपत्यका वाहिरका लगानीकर्ताहरुले समेत आवेदन दिन सक्ने व्यवस्था गर्ने गरी सम्पूर्ण मर्चेन्ट बैंकरहरु र आस्वा सदस्यहरुलाई देहाय अनुसारका व्यवस्था गर्न/गराउन परिपत्र गरिएको छ :

१. धितोपत्रको हकप्रद निष्काशन प्रक्रियालाई थप सहज, समावेशी तथा लगानीमैत्री वनाउन धितोपत्रको हकप्रद निष्काशनमा आस्वा प्रणाली मार्फत समेत आवेदन गर्न सक्ने व्यवस्था गर्ने ।

२. विक्री नभएको हकप्रद सेयरको लिलाम प्रक्रियामा उपत्यका वाहिरको प्रमुख केन्द्रहरु कम्तिमा विराटनगर, विरगंज, पोखरा, बुटवल, नेपालगञ्ज, सुर्खेत तथा धनगढीवाट आवेदन दिन सक्ने व्यवस्था गर्ने ।

उल्लेखित व्यवस्थावाट धितोपत्रको हकप्रद निष्काशनमा लगानीकर्ताहरुले सहज रुपमा आफ्नो हक प्रयोग गर्न सक्ने तथा विक्री नभएको हकप्रद सेयर लिलाम प्रक्रियामा लगानीकर्ताको सहभागितामा वृद्धि भई सहज तथा सरल ढंगले आवेदन दिन सक्ने भएकोले धितोपत्र वजार सुदृढ हुनुका साथै बजार विस्तार भई देशव्यापी हुने वोर्डको अपेक्षा रहेको छ ।

मिति : २०७४।०७।१२

(निरजे गिरी)
प्रवक्ता


Post Box No. : 9031, Jawalakhel, Lalitpur, Nepal
Phone : 00977-1-5000107, 5000162, 5000201, 5000102, 5541057, Toll Free No.: 1660-01-44433
Fax No : 5541058, Email : support@sebon.gov.np, Website : www.sebon.gov.np